**गाउँसभा आ.व २०८१।८२** **मितिः२०८१।०३।०५**

## छलफलका लागि पेश भएको प्रस्तावहरुः

१ कौडेना गाउँपालिकाको आ.व २०८१।८२ को नीति तथा कार्यक्रम ।

२ आ.व २०८१।८२ को राजश्व तथा अनुदान प्राप्तिको अनुमान ।

३ आ.व. २०८१।८२ को आर्थिक विधेयक सम्बन्धमा ।

४ आ.व. २०८१।८२ को विनियोजन विधेयक सम्बन्धमा ।

५ विधालयहरुको लेखापरीक्षक नियूक्ति सम्बन्धमा ।

६ हाट बजार र नदीको न्यूनतम ठेक्क अंक कायम गर्ने सम्बन्धमा ।

७ गाउँपालिकामा बनेको ऐन तथा कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।

८ करार सेवा म्याद थप सम्बन्धमा ।

९ गत वर्षको भुक्तानी बाँकी सम्बन्धमा ।

१० आ.व. २०८०/८१ को आम्दानी खर्च सदर गर्ने बारे ।

११ म.ले.प. बरुजु सम्परीक्षण सम्बन्धमा ।

१२ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

१३ आ.व. २०८०/८१ मा संचालन हुने योजना तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

१४ बोलपत्र मुल्यांकन समिति गठन गर्ने सम्बन्धमा ।

१५ निर्णय अनुमोदन सम्बन्धमा ।

१६ आ.व.२०८०/८१ मा चालु तथा प्रशासनिक खर्चमा विनियोजन रकम स्वीकृति गर्ने बारे ।

१७ प्राविधिक नम्स तथा दररेट सम्बन्धमा ।

१८ जनसभागिता तथा कन्टेन्जेन्सी कट्टा सम्बन्धमा ।

१९ आ.व.२०८०/८१ मा सशर्त अनुदानबाट सञ्चालन हुने बजेट सम्बन्धमा ।

२० शर्षत अनुदान चालु र पूँजिगत तर्फको विनियोजित बजेट स्वीकृती गर्ने सम्बन्धमा ।

२१ अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

२२ प्रोत्साहन गर्ने सम्बन्धमा ।

२३ बैठक भत्ता सम्बन्धमा ।

२४ गाउँपालिका भित्र जडान भएका डिप ट्युबवेल सम्बन्धमा ।

२५ दशौं गाउँसभा समापन सम्बन्धमा ।

**निर्णय नं १**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस कौडेना गाउँपालिकाका गाउँपालिका अध्यक्ष ज्यूले पेश गर्नु भएको तपशिलको आ.व. २०८१।८२ को एवं कौडेना गाउँपालिकाको नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

## कौडेना गाउँपालिका
## आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम
## मितिः२०८१।०३।०५

कौडेना गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कौडेना गाउँपालिकाको गाउँ सभाको बाह्रौं अधिबेशनमा म हार्दिक स्वागत गर्दछु ।
कौडेना गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय कौडेना गाउँबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलन तथा मधेश आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी,

उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम गाउँबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

अब म कौडेना गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२को निति तथा कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## भौतिक पुर्वाधार तर्फः

- पालिकाको सहकार्यमा संघ, प्रदेश तथा पालिकाको लगानीमा २०७९।८० मा हामीले ३ कि.मि. र २०८०।८१ मा २.५ कि.मि. सडक ढलान गरी जम्मा ५.५ कि.मि. भएको छ ।
- हामीले अगामी आर्थिक वर्षमा थप ४ कि.मी सडक ढलान तथा नालाहरु निर्माण गर्ने लक्षय लिएका छौं ।
- कौडेना गाउँपालिका क्षेत्र भित्र विग्रेका ढल बाटो थप क्षती हुन नदिन तथा तत्काल मर्मत संभारका लागि निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभारको लागि बजेट विनियोजन गरेको छु ।

## खानेपानी तर्फः

- कौडेना गाउँपालिका वडा नं २,३,४,५,६,७ मा शुद्ध पिउने पानीको लागि २०८०।८१को योजनामा डिप बोर्डिङ्ग जडानको व्यवस्था गरेको छु ।
- शुद्ध पिउने पानी हरेक आम जन्ताको पहुँच सम्म पूर्याउनको लागि यस आ.व.मा गाउँपालिकाले विभिन्न वडामा डिप बोर्डिङ्ग जडान गरी सेवा प्रवाह गर्ने निति अगाडी बढाएको छ ।
- २०८०।८१ को आर्थिक वर्षमा हामिले वडा २ को इनर्वा टोलमा डिप बोर्डिङ्ग, ओभरहेड टंकी तथा पाइपलाईन जडान गर्यौं त्यसै गरी वडा नं ३,४,५,६ र ७ मा डिप बोर्डिङ्ग जडान गरेका छौं र आ.व. २०८१।८२मा यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## कृषी तर्फः

- कौडेना गाउँपालिका भित्रका कृषकहरुको व्यवस्थापन र व्यवस्थित गर्नको लागि किसानको अवस्थाको बारेमा सर्वेक्षण गरिएको छ र त्यही सर्वेक्षणको आधारमा २०८१।८२मा किशान कार्ड वितरण गरिनेछ ।

- गाउँपालिका भित्रका माछा व्यपारीहरुको प्रोफाइल तयार गरी सहयोग स्वरुप मेशिनरी औजार, मोटर तथा दाना, माछाको भुरा उपलब्ध गराइनेछ ।
- आ.व. २०८१।८२ मा कृषकहरुको लागि निशुल्क TOD मिटर जडान गर्ने तथा सिचाईको लागि डिप बौर्डिङ्ग, सोलार मोटर तार पोल तथा विभिन्न कृषी उपकरणहरु कृषकको लागि उपलब्ध गराइनेछ । त्यसै गरी पालिकामा रहेका कृषक समूहहरुलाई अभिमुखिकरण तालिम दिइ सकृय बानाउने र मल खाद्य वितरण गर्ने संस्थाहरुको नियमित अनुगमन गरी अनियमितता गरेका संस्थाहरुलाई कारवाहीको दायरामा ल्याउने गरी निति बानाइएको छ ।

## शिक्षा तर्फः

- समुदायिक विद्यालयमा पठन पाठनलाई प्रभावकारी बनाउनको लागि स्वयम् सेवक तथा विषयगत शिक्षक भर्नाको लागि यस आ.व. २०८१।८२ मा बजेट छुटाइएको छ ।
- श्री देवद्यारी माध्यमिक विद्यालयमा सौन्दर्यकरण तथा छात्रावासको लागि आवासको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण प्रथमिक उपचार र स्वास्थ्य जनचेतनाका लागि गाउँपालिका सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीको सहयोगमा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरीनेछ ।
- सार्वजनिक स्थलहरुमा धुम्रपान  निषेध गर्ने व्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण गर्ने ऐनलाई प्रभावकारी हुने गरी कार्यन्वयन गरिनेछ ।
- वडा स्तरीय सामुदायिक शिकाई केन्द्र Community Learning Center मार्फत औपचारीक शिक्षा शिप विकास कार्यक्रम सञ्चालन गरीनेछ ।

## स्वास्थ्य तर्फः

- कौडेना गाउँपालिका वडा नं २ सामुदायिक अस्पतालको भवन निर्माण भएको छ र यहि मिति २०८०।०३।२५ गते देखि आम जनताको उपचारको लागि सेवा सुचारु गरिनेछ ।
- कौडेना गाउँपालिकामा रहेका सम्पूर्ण दलित महिला र ५ वर्ष मूनिका बालबालिकाहरुलाई निशुल्क उपचार सेवाको व्यवस्था मिलाएको छु ।
- यस गाउँपालिका भित्र रहेका गर्भवती महिलाहरुलाई सर्लाही जिल्ला भरीको लागि प्रदान गरी आइरहेको निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

- कौडेना गाउँपालिका भित्र रहेका सरकारी निजि तथा सामुदायिक अस्पतालहरु सँग समन्वय तथा सहकार्य गरी विशेषज्ञ चिकित्सक सेवामा सर्व साधारण नागरिकको पहूँच वृद्धि गर्न आवस्यक व्वस्था मिलाएको छु ।
- आगामि दिनमा आवश्यक्ता महशुस गर्दै कौडेना गाउँपालिका भित्र थप एक एम्बुलेन्सको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र रहेका सबै परकारका स्वास्थ्य संस्थाहरुको अभिलेख व्यवस्थित गरिनेछ ।

## उद्योग तर्फ

- कौडेना गाउँपालिका अन्तर्गत रहेका होटेल, किराना पसल र अन्य साना व्यवसायीहरुका सेवा सुबिधाको रुपमा घरेलु, कर कार्यालय तथा गाउँपालिकामा दर्ता रहेका सम्पूर्ण व्यपारी वर्गलाई राहत स्वरुप वार्षिक विद्युत महसुलको ५० प्रतिशत छुट हुने व्यवस्था मिलाइएको छ । साथै उद्योग तथा कल कारखानाको हकमा विद्युत महसुलमा वार्षिक २००० यूनिट छुट गराइने व्यवस्था मिलाइएको छ ।
- गाउँपालिकामा दर्ता नरहेका होटल, पसल, उद्योग, विभिन्न संघ संस्था, सहकारी संस्था लगायतका कल कारखानाहरुले २०८१ आश्विन मसान्त भित्र अनिवार्य रुपमा दर्ता गराई प्रमाण पत्र लिनुपर्नेछ।
- गाउँपालिकाको सटर भाडामा लिइ विभिन्न किसिमका व्यपारमा लाग्नु भएका व्यापारीहरुको हकमा २०८१ आश्विन मसान्त भित्र सटर भाडा बुझाएको खण्डमा २० प्रतिशत कुल भाडा रकम बाट मिनाहा गरीनेछ । अटेरी गर्ने व्यापारीको हकमा कानुन बमोजिम कारवाही हुनेछ तथा सटर खाली गराइनेछ ।
- समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन हाल सम्म १२० जनालाई उद्यमशिलता तालिम प्रदान गरिएकोमा सो को उचित व्यवस्थापन गरीनेछ ।
- आधुनिक सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी गाउँपालिकालाई जिवन्त बनाइनेछ ।
- सांस्कृतक पर्यटनमा आधारीत उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम सञ्चालन गरीनेछ ।

## गाउँपालिका अध्यक्ष कोष तर्फः

- जनप्रतिनिधि तथा कर्मचारीहरुद्वारा स्थापना गरीएको गाउँपालिका अध्यक्ष कोषले विगतका दिनमा विपद व्यवस्थापनको पूर्व तयारी, क्षति पूर्ती, जेहनदार विद्यार्थीहरुलाई आर्थिक सहयोग तथा पिछडियेका वर्गहरुको लागि सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका अध्यक्ष कोषलाई अझै प्रभावकारी र सेवा मुलक कोषको रुपमा स्थापना गर्नको लागि मैले आफ्नो २०८०।८१को सम्पूर्ण सेवा सुविधा कोषमा जम्मा गर्ने घोषणा गर्दछु । साथै कोषको थप मजबुतीको लागि म कौडेना गाउँपालिका अध्यक्ष रुपेश कुमार यादव आजको यस गरिमामय गाउँसभामा उपस्थित उपाध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिका र वडा सदस्यहरु तथा पालिकाका सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो इच्छा अनुसार रकम कोषमा जम्मा गर्न हार्दिक अनुरोध गर्न चाहन्छु ।

**निर्णय नं २**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस कौडेना गाउँपालिकाका उपाध्क्षय ज्यूले पेश गर्नु भएको आ.व २०८१।८२ को राजश्व तथा अनुदान प्रासिको अनुमान निम्नानुसार स्वीकृत गरियो ।

| सि.नं. | आय विवरण | अनुमानित रकम |
|---|---|---|
| | **नेपाल सरकार(संघ) बाट प्राप्त हुने अनुदान** | |
| | क) वित्तिय समानिकरण अनुदान | ९४८००००० |
| | ख) सशर्त अनुदान चालु | १४८४०९००० |
| १ | ग) सशर्त अनुदान पूँजीगत | ९०००००० |
| | घ) विशेष अनुदान | ५०००००० |
| | ङ) समपुरक अनुदान | ० |
| | च) राजस्व बाँडफाँड | ७८३९९९९ |
| | जम्मा | ३३५६०८९९९ |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | |
| | क) वित्तिय समानिकरण अनुदान | ६१००००० |
| | ख) विशेष अनुदान | ३०००००० |

| | | |
|---|---|---|
| २ | ग) समपूरक अनुदान | २०००००० |
| | घ) राजस्व बाँडफाँड | २०००००० |
| | जम्मा | १३१००००० |
| ३ | **आन्तरिक आय** | |
| | क) बहाल कर | ४००००० |
| | ख) मालपोत | २००००० |
| | ग) अन्य आय | २०००००० |
| | घ) घर बहाल कर | १००००० |
| | ङ) अन्य बिक्री | ३००००० |
| | च) अन्य सेवा शुल्क | १००००० |
| | छ) न्यायीक दस्तुर | ५०००० |
| | ज) परीक्षा शुल्क | २०००० |
| | झ) अन्य प्रशासनिक सेवा | ५०००० |
| | ञ) नक्सा पास दस्तुर | ५०००० |
| | त) व्यक्तिगत घट्ना दर्ता | ५०००० |
| | थ) नाता प्रमाणित दस्तुर | २०००० |
| | द) व्यवसाय रेजिष्ट्रेशन | ३०००० |
| | ध) धरौटी सदर स्याहा | ५०००० |
| | न) बिमा दावी | २००००० |
| | प) व्यवसाय कर | ४०००० |
| | फ) गत वर्षको मौजदात | ५०००००० |
| | जम्मा | ८६६०००० |
| | कुल जम्मा | ३५७३६८९९९ |

नोटः आ.व.२०८०।८१ अषाढ मसान्त सम्म यथार्थ बैंक मौजदात यकीन गरी र त्यतिबेला सम्म प्राप्त प्रदेश अनुदानको र अन्य आय समेत यकिन गरी शुत्रमा श्रोत मिलान गरी बजेट प्रविष्ट गर्ने निर्णय गरीयो ।

**निर्णय नं ३**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व.२०८१/८२ को आर्थिक ऐन, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

आर्थिक ऐन, २०८१

कौडेना गाउँपालिका

सर्लाही

**आर्थिक वर्ष २०८१/८२ को राजस्व संकलनको गर्न बनेको आर्थिक ऐन, २०८१**

प्रस्तावनाः आर्थिक वर्ष २०८१/८२ को लागि सेवा, शुल्क, दस्तुर, कर राजस्व संकलन गरी यस कौडेना गाउँपालिका सर्लाहीको आन्तरिक आयमा वृद्धि हुन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम कौडेना गाउँपालिकाको बाह्रौं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस ऐनको नाम आर्थिक ऐन, २०८१ रहेको छ ।

ख. यो ऐन सम्वत २०८१ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२ **व्यवसाय कर** :

यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन रहेको स्थायी पसल, (ठुला उद्योग र इट्टा चिमनी बाहेक), व्यवसायले गाउँपालिकामा आफ्नो फर्म दर्ता र बार्षिक शुल्क वापत रु. १००० एकमुष्ट तिर्नुपर्नेछ । तोकिएको समयमा शुल्क नबुझाएमा थप दस्तुर तिर्नुपर्नेछ ।

३. **बहाल कर** :

यस गाउँपालिका क्षेत्र भित्र पर्ने घरधनीले आफ्नो घर भाडामा लगाएमा उठेको भाडाको वार्षिक १०% बहाल कर र भाडाको सम्झौतापत्र गाउँपालिकामा बुझाउनुपर्नेछ । साथै भाडाको रुपमा व्यवसायि गर्ने गाडी व्यवसायिहरुले प्राप्त आम्दानीको ५% बहाल कर गाउँपालिकालाई व्यहोर्नु पर्नेछ ।

४. **सम्पत्ति कर** : यस गाउँपालिका क्षेत्र भित्र घर र घरले चर्चेका सम्पत्तिमा प्राविधिक मूल्यांकन गराई प्रति लाख ०.०५% का दरले सम्पत्ति कर असुल गरिनेछ ।

५ **घर नक्सा दस्तुर** :

यस गाउँपालिका क्षेत्र भित्र निर्माण हुने नयाँ घरको लागि प्रति Floor area square feet को रु.३ को दरले र पुरानो घरको अभिलेखीकरण गर्न प्रति Floor area square feet को रु.३ को दरले दस्तुर लाग्नेछ ।

६. **सिफारिस तथा सेवा शुल्क** :

यस गाउँपालिकाबाट प्रवाह हुने सेवा, सिफारिसको लागि अनुसूची १ बमोजिम दस्तुर र सेवा शुल्क असूल उपर गरिनेछ ।

अनुसूची -१

(दफा ६ सँग सम्बन्धित)

## सेवा शुल्क सम्बन्धी दररेट

| सि नं | बजार | पसलको विवरण हाटबजारमा पटके | आ व २०८१।८२ |
|---|---|---|---|
| १ | | किराना पसल, ब्लक, छाप्रो, प्रति छाप्रो | २० |
| २ | | कपडा पसल प्रति पसल | २० |
| ३ | | जुत्ता चप्पल प्रति पसल | २० |
| ४ | | रेडिमेड कपडा प्रति पसल | २० |
| ५९ | | मसला तेल प्रति पसल | १० |
| ६ | | चामल चिउरा प्रति पसल | २० |
| ७ | | तरकारी प्रति डण्डी | २५ |
| ८ | | आलु,प्याज प्रति डण्डी | ४० |
| ९ | | खुर्सानी, अदुवा प्रति बोरा | १५ |
| १० | | आलु,अलुवा,तरुल कोवी लगायत प्रति टायर | १०० |
| ११ | | बोका खसी काटमार प्रति गोटा र क्रमश | ३० |
| १२ | | माछा प्रति पसल डण्डी | ५० |
| १३ | | फलामको कृषिजन्य हतियार पसल | २० |
| १४ | | छाप्रोमा माछा मासु नास्ता पसल | १० देखि २० |
| १५ | | चुरा प्रति पसल | १० |
| १६ | | मुरी कचरी प्रति पसल | १५ |
| १७ | | माटोको भाडा प्रति पसल | २० |
| १८ | | हजाम भुईमा बस्ने र छाता लाईटर बनाउने | १० |
| १९ | | मिठा प्रति पसल | २० |
| २० | | गुण्डा(ढुटो) पसल | २० |
| २१ | | जादु खेल खेलाउने | ५० |
| २२ | | रेडियो,घडी,टर्च,लाईट बनाउने | १५ |

| | | | |
|---|---|---|---|
| २३ | | ठेलामा वा साईकलमा आईसकृम, चटपट्टे, फलफुल, चिया बेच्ने | २० |
| २४ | | रंग, अविर पसल | २० |
| २५ | | भाडा वर्तन प्रति पसल | २० |
| २६ | | सुर्ती पसल | १० |
| २७ | | बीउवीजन प्रति पसल | २० |
| २८ | | खुद्रा चिउरा प्रति डण्डी | २० |
| २९ | | खुद्रा दाल प्रति डण्डी | २० |
| ३० | | खुद्रा चामल प्रति डण्डी | २० |
| ३१ | | खुद्रा पिठो प्रति डण्डी | १० |
| ३२ | | आप, लिच्ची, कटहर फलफुल पसल | २५ |
| ३३ | | जडिबुटी पसल | १० |
| ३४ | | लूगा सिलाउने टेलर खुद्रा बजारमा | २० |
| ३५ | | सर्वत पसल | १० |
| ३६ | | चिया पसल | २० |
| ३७ | | बरफ बेच्ने | १० |
| ३८ | | किटानासक औषढी बेच्ने | २० |
| ३९ | | मिठाई पसल | २० |
| ४० | | गून्दी चटाई प्रति पसल | २० |
| ४१ | | पान पसल | २० |
| ४२ | | कुखुरा, परेवा काटी मासु बेच्ने प्रति गोटा | ४ |
| ४३ | | साईकल मर्मत पसल | २० |
| ४४ | | अन्य नखुलेको प्रति पसल तथा व्यपार | २० |

| सिफारिस सम्बन्धी दस्तुर | | | |
|---|---|---|---|
| सि. नं. | अन्य | इकाई | दस्तुर |
| १ | पंजीकरण सम्बन्धित | प्रति १ | २०० |

| | | | |
|---|---|---|---|
| २ | पंजीकरण सम्बन्धित प्रतिलिपि | प्रति १ | ५०० |
| ३ | जन्म प्रमाणित | प्रति १ | ५० |
| ४ | विवाह प्रमाणित | प्रति १ | ५० |
| ५ | मृत्यु प्रमाणित | प्रति १ | ५० |
| ६ | नाता प्रमाणित | प्रति १ | ५० |
| ७ | मधेशी प्रमाणित | प्रति १ | ५० |
| ८ | नागरिकता सिफारिस | प्रति १ | ५० |
| ९ | जग्गा नामसारी सिफारिस | प्रति १ | १५० |
| १० | छुट जग्गा दर्ताको सिफारिस | प्रति १ | १५० |
| ११ | जग्गा मुल्यांकन सिफारिस | प्रति १ | १०० |
| १२ | पारिवारिक प्रमाणित | प्रति १ | ५० |
| १३ | वार्षिक आयश्रोत प्रमाणित | प्रति १ | १५० |
| १४ | स्थलगत सर्जमिन मुचुल्का | प्रति १ | १०० |
| १५ | बिधुत मिटर सिफारिस | प्रति १ | ५० |
| | **ठुला उधोगहरुको सेवा शुल्क** | | |
| १५ | चिम्नी | बार्षिक | २५००० |
| १६ | फैक्ट्री | बार्षिक | ३०००० |
| १७ | वधशाला | बार्षिक | १०००० |
| १८ | डिस्टिलरी | बार्षिक | ३०००० |

| | | | |
|---|---|---|---|
| १९ | संस्था दर्ता सिफारिस / व्यवसाय दर्ता र नविकरण | प्रति १ | १००० |
| २० | समुह दर्ता सिफारिस | प्रति १ | ५०० |
| २१ | ट्रेक्टर,ट्रक माटो ,गिट्टी वालुवा तथा अन्य सामाग्री ओसार पोसार आन्तरिक पटके | | ५० |
| २२ | वित्तिय संस्था ख वर्ग | | १५००० |
| २३ | वित्तिय संस्था ग र घ वर्ग | | ६०००/३५०० |
| २४ | लाइसेन्स प्रमाणपत्र घ वर्ग को ठेकदार/नविकरण | प्रति १ | ६०००/१००० |
| २५ | काठ दौरा ल्याउने को लागि सिफारिस | प्रति १ | १००० |
| २६ | रुख कटानी को सिफारिस | | ५०० |
| २७ | निजी आधारभूत विद्यालय | बार्षिक | १०००० |
| २८ | निजी मा.वि. | बार्षिक | २०००० |
| २९ | निजी कोचिंग सेन्टर | बार्षिक | २००० |
| ३० | होडिंग बोर्ड ठुलो साईज | प्रति होडिंग बोर्ड बार्षिक | ५०० |
| ३१ | प्राइवेट बैंक क वर्ग | बार्षिक | ३५००० |
| ३२ | डी.जे. ,टेन्ट हाउस | बार्षिक | ३००० |
| ३३ | पेट्रोल पम्प | बार्षिक | ७००० |
| ३४ | उपरोक्त शिर्षकमा नपरेका अन्यु कुनै सिफारिस अथवा शुल्क | पटके | ५०० |
| | **मालपोत दस्तुर** | **बार्षिक** | |
| ३५ | पिच सडक भएको घडेरी | प्रति कठ्ठा | १५ |
| ३६ | ग्रावेल सडक भएको घडेरी | प्रति कठ्ठा | १० |
| ३७ | माटो सडक भएको घडेरी | प्रति कठ्ठा | ५ |
| ३८ | खेतीयोग्य जग्गा | प्रति कठ्ठा बार्षिक | ५ |

नोटः कर को असुलिलाई चुस्त र दुरुस्त बनाउनको लागि दस्तुरी समयमा नबुझाएमा थप २५ प्रतिशत जरिवाना समेत तिर्नु पर्नेछ र कुनै पनि सिफारिश गर्दा निजले बुझाउनु पर्ने मालपोत दस्तुरी सम्पुर्ण कित्ताको बुझाएको रसिद पेश गरेमा मात्र अन्य सिफारिशको तोकिएको दस्तुर लिइ गर्नु पर्नेछ अन्यथा सरकारी बाकी सरक सम्बन्धित वडा सचिववाट असुल उपर गरिनेछ ।

**निर्णय नं ४**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व.२०८१/८२ को विनियोजन ऐन, २०८१ स्वीकृत गर्ने निर्णय गरियो

विनियोजन ऐन, २०८१

कौडेना गाउँपालिका

सर्लाही

**आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि स्थानिय संचित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

प्रस्तावनाः आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि स्थानिय संचित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले आठौं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस ऐनको नाम विनियोजन ऐन, २०८१ रहेको छ ।

ख. यो ऐन सम्वत २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१।८२ को लागि स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार** :

आर्थिक वर्ष २०८१।८२ को निमित्त अनुसूचि १ बमोजिम स्थानिय सञ्चित कोष माथि चालु तर्फ २३७५६८९९९।-(अक्षरेपी रु तेइस करोड पछतरी लाख अड्सठी हजार नौ सय निनान्नवे मात्र) र पुँजीगत तर्फ ११९८०००००।-(अक्षरेपी रु एघार करोड अन्ठान्नवे लाख मात्र) गरी जम्मा रकम ३५७३६८९९९।-(अक्षरेपी रु पैतिस करोड तिहतरी लाख अड्सठी हजार नौ सय निनान्नवे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्ने सकिनेछ।तर संघीय र प्रदेश सरकारबाट बजेट अख्तियारी थप भई आएमा र यस आ.व.को अन्त्यमा बाँकी रहने मौज्दात समेतको योजना तथा कार्यक्रम थप गरी खर्च गर्न सकिनेछ।

**३ विनियोजन :**

(क) चालु र पूँजीगत तर्फ विविध, अन्य कार्यक्रम र भैपरीमा स्वीकृति गरिएको रकम कार्यालयले प्रमुखसँग कार्यक्रम स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

(ख) चालु खर्चको अनिवार्य दायित्वको रकम एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्दा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भई गा.पा. अध्यक्षले स्वीकृती गरे बमोजिम रकमान्तर गर्न सकिनेछ । साथै पूँजिगत शिर्षकको कुनै रकम बाँकी रहन गएमा र कुनै आयोजनाको भुक्तानी गर्न अपुग भएमा बाँकी रहन गएको शिर्षक बाट प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतीमा भुक्तानी दिन बाधा पर्ने छैन ।

तर, संघीय र प्रदेश सरकारबाट सम्बन्धित बजेट उपशिर्षक र खर्च शिर्षकमा थप घट भई निकासा तथा अख्तियारी प्राप्त भएमा सोही अनुसार रकम खर्च जनाउन सकिनेछ।

**४. अन्तर सरकारी वित्तीय हस्तान्तरण :**

सशर्त, समपूरक र विशेष अनुदानको रकम असाढ मसान्त सम्म खर्च नभई बाँकी रहन गएमा त्यस्तो बाँकी रकम सम्बन्धित प्रदेश तथा कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने छ।

**५. लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

(क) यस ऐन बमोजिम भए गरेका आम्दानी र खर्चको कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(ख) आर्थिक मसान्त पछि आर्थिक विवरण तयार गरी प्रमाणित गराई सम्बन्धित तहमा पठाउनु पर्नेछ।

**६ अख्तियारी तथा कार्यक्रम स्वीकृति :**

यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्नुपर्ने छ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

स्थानीय सञ्चित कोष माथि व्ययभार हुने रकम

| सि.नं. | आय विवरण | चालु खर्च रु. | पुँजीगत खर्च रु. कार्यक्रम खर्च समेत | जम्मा रकम रु. |
|---|---|---|---|---|
| 1 | **नेपाल सरकार(संघ) बाट प्राप्त हुने अनुदान** | | | |
| | क) वित्तिय समानिकरण अनुदान | | ९४८००००० | ९४८००००० |
| | ख) सशर्त अनुदान | १४८४०९००० | ९०००००० | १५७४०९००० |
| | ग) विशेष अनुदान र समपुरक | ० | ५०००००० | ५०००००० |
| | घ) राजस्व बाँडफाँड | ७८३९९९९ | ० | ७८३९९९९ |
| | जम्मा | २२६८०८९९९ | १०८८००००० | ३३५६०८९९९ |
| २ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | |
| | क) वित्तिय समानिकरण अनुदान | २१००००० | ४०००००० | ६१००००० |
| | ख) विशेष अनुदान | | ३०००००० | ३०००००० |

| | | | | |
|---|---|---|---|---|
| | ग) समपूरक अनुदान | | २०००००० | २०००००० |
| | घ) राजस्व बाँडफाँड | २०००००० | | २०००००० |
| | जम्मा | ४१०००००० | ९०००००० | १३१०००००० |
| ३ | **आन्तरिक आय** | ३६६०००० | ० | ३६६०००० |
| ४ | मौज्दात बाँकी | ३०००००० | २०००००० | ५०००००० |
| | जम्मा | ६६६०००० | | ८६६०००० |
| | **कुल जम्मा** | **२३७५६८९९९** | **११९८०००००** | **३५७३६८९९९** |

द्रष्टव्य : उल्लेखित बजेटमा यस आ.व.को अन्त्यमा बाँकी रहने मौज्दात र संघ तथा प्रदेशबाट थप बजेट तथा अन्तर सरकारी अनुदानको रकम LMBIS मा पोष्टिङ्ग भई आएमा सोही अनुसार बजेट सुत्र प्रणालीमा थप गरी खर्च गर्न सकिनेछ ।

## निर्णय नं ५

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका कतिपय विद्यालयहरुमा व्यवस्थापन समिति नरहेकोले लेखापरीक्षकको नियुक्तीको लागि सम्बन्धित विद्यालयले लेखापरीक्षकको नाम सिफारिस गर्न नीतिगत कठिनाई भएको हुँदा आ.व.२०८०।८१ र अघिल्लो आ.व.मा ले.प. हुन नसकेका विद्यालयहरुमा गाउँपालिकाले लेखापरीक्षकको नियुक्ति गरी विद्यालयको लेखापरीक्षण गर्ने गराउने र निज लेखापरीक्षकले प्रतिवेदन यस कार्यालयमा पेश गरे पछि विद्यालयले प्रा.वि.को हकमा रु १००००/- र मा.वि.को हकमा शषर्त अनुदानबाट रु १५०००/- सो भन्दा बढी पारीश्रमिक विद्यालयले आन्तरीक श्रीतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं ६

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस कौडेना गाउँपालिका अन्तर्गतका हाट बजार र नदीको ठेक्का बन्दोबस्त गर्न आ.व. २०८१/८२ को

लागि निम्नानुसारको न्युनतम ठेक अंक राखी प्रथम पटक सूचना प्रकाशन गर्ने साथै उक्त अंकमा ठेक्का नलागेमा दोस्रो पटक कार्यालयले आपसी बार्ता गरी ठेक्का बन्दोबस्त गर्ने गराउने निर्णय गरियो ।

निम्न :

१) कौडेना वडा नं ३को हाट बजार ठेक्काः रु २०००००/- प्रति वर्ष
२) कौडेना वडा नं १ सुन्दरपुर बजार ठेक्काः रु ८००००/- प्रति वर्ष
३) कौडेना वडा नं ६ सक्रौल बजार ठेक्काः रु १००००/- प्रति वर्ष
४) वडा नं ४ को डबरा पोखरी ठेक्काः रु १५००००/-तीन वर्षको लागि
५) कौडेना गाउँपालिकाको सिमाना सम्मको भुर्गी खोला ठेक्काः रु ४००००/-प्रति वर्ष

**निर्णय नं ७**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकामा बनेको ऐन, कानुन तथा कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा निम्नानुसारका करार सेवामा कार्यरत्त कर्मचारीहरुको म्याद २०८२ असाढ मसान्त सम्मको लागि थप गर्ने निर्णय गरीयो ।

**निर्णय नं ९**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व. २०८०/८१ मा कार्यालय सञ्चालन र पूँजिगत तर्फ बजेट अपुग भई भुक्तानी बाँकी रहन गएकोमा म.ले.प.फा.नं १८ भुक्तानी बाँकीको विवरण कार्यालयबाट प्रमाणित गराइ बजेट विनियोजन भए अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व. २०८०/८१को मिति २०८० श्रावण देखि २०८१ असाढ ४ गते सम्मको तपसिल अनुसारको आम्दानी र खर्च सन्तोषजनक देखिएको हुँदा सदर गरियो ।

**गाउँसभा आ.व २०८१।८२** **मितिः२०८१।०३।०५**

## निर्णय नं. ११

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आर्थिक वर्ष २०७९/८०को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन यस गाउँसभामा पेश भई दफावार छलफल हुँदा देखिएको बेरुजुहरु गाउँपालिकाको निर्णय अनुसार भएको खर्चहरु तथा वडाको सिफारीस र गाउँसभाको निर्णय अनुसार योजना तथा कार्यक्रम संतोषजनक भएको हुँदा र ग्रामिण भेगका जनता उक्त कार्यक्रम र योजना बाट प्रत्यक्ष रुपमा लाभान्वित भइरहेको हुँदा तपसिलका बुँदामा उल्लेखित बेरुजुहरु अगामि आ.व.मा लेखा परीक्षणको क्रममा आउने लेखा परीक्षक टोलीलाई पत्र सहित समपरीक्षणको लागि अनुरोध गर्ने निर्णय गरीयो ।

| बेरुजु दफा | बेरुजुको व्यहोरा | सम्परीक्षणको लागि पेश भएको प्रमाण र गाउँ सभाको धारणा | रकम |
|---|---|---|---|
| २७ | बिमा तथा नविरकणमा घटी बिल र नगर प्रहरीको पोशाकको बिल प्रमाण पेश गर्नु पर्ने | बिमा तथा नविरकणमा घटी बिल र नगर प्रहरीको पोशाकको बिल प्रमाण पेश भइ आएकोमा साथै नगर प्रहरीले पोशाक बुझेको भर्पाई समेत पेश भइ आएको हुँदा सम्परीक्षणको लागि निर्णय गरीयो | १७३५७६ |
| २८ | नन फाइलर | नमन ट्रेडर्स मलंगवा पान नं ६११५५२८५९ भेरीफाइड भइसकेको हुँदा अनलाइन सर्च गरी सम्परीक्षण हुन अनुरोध छ । | ३२६४५ |
| २९ | मु.अ.कर कट्टी समायोजन प्रमाण पेश हुनु पर्ने | पान नं ३०४५३६६२७, ६०३२८३९१६, ६१०१२६३६५, ६१५२०१४०७, ६०५९१५९४७, ६०८५३७७२४ पान नंहरु हाल अनलनइन चेक गर्दा मु.अ.कर कारोबार समायोजन रहेको हुँदा सम्परीक्षणको लागि अनुरोध छ । | ८३९६५ |

| | | | |
|---|---|---|---|
| ३० | गत वर्षको भुक्तानी दिन बाँकीको प्रमाण पेश हुनु पर्ने | गत वर्षको भुक्तानी दिन बाँकीको प्रमाण पेश भएको हुँदा सम्परीक्षण हुन अनुरोध छ | ११०००० |
| ३१ | विद्यालय भवन निर्माण कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने | विद्यालय भवन निर्माण कार्य सम्पन्न प्रतिवेदन पेश भएकोमा र कार्य सम्पन्न नगर्ने विद्यालयको बेरुजु दाखिला गराइ सम्परीक्षण हुन अनुरोध छ | ९०००००० |
| ३२ | ICT LAB कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने | ICT LAB कार्य सम्पन्न प्रतिवेदन पेश भएकोमा सम्परीक्षण हुन अनुरोध छ | १३००००० |
| ३३ | तराई मधेश समृद्धि कार्यक्रममा पालिकाको समपुरक रकम भुक्तानी नभएको | तराई मधेश समृद्धि कार्यक्रममा पालिकाको समपुरक रकम भुक्तानी नभएको उल्लेख भइ आएको हुँदा यस गाउँपालिकाको आन्तरीक आय न्यून रहेको हुँदा समपुरक बजेटको व्यवस्थापन गर्न कठीन भएको र ग्रमिण क्षेत्रको जन जिवनलाई राहतको लागि केन्द्रिय बजेटको सदुपयोग गरी सत प्रतिशत कार्य सम्पन्न भई भुक्तानी भएकोमा सम्परीक्षणको लागि अनुरोध छ | २६३०९४१।८० |
| ४६ | बिल भर्पाई तथा खर्चको पुष्टियाईको प्रमाण पेश हुनु पर्ने | बिल भर्पाई तथा खर्चको पुष्टियाईको प्रमाण पेश भइ आएकोमा सम्परीक्षणको लागि अनुरोध छ | १९००१४६ |
| ४८ | O&M Survey सम्झौता अवधि भन्दा बढी दिनको रकम भुक्तानी | यस गाउँपालिकाको कार्यालय र पालिका अन्तर्गत रहेका सात वडामा स्थलगत गइ कर्मचारीको आवश्यकता र माप दण्डको अध्ययन अवलोकन गर्न समय अपुग भएकोले तोकिएको सम्झौताको अवधि १३ दिन थप गरीएको हुँदा O&M Survey थप अवधि सम्मको भुक्तानी सान्दर्भिक रहेको | १८९५०१ |

| | | | |
|---|---|---|---|
| | | हुँदा उक्त रकम सम्परीक्षणको लागि अनुरोध छ | |
| ५१ | सिचाईको लागि कृत्रिम रिवर्भ ड्यामको लागि सम्झौता अवधि भन्दा बढीको भुक्तानी | यस गाउँपालिकाको वडा नं ३मा सिचाईको लागि कृत्रिम रिजर्भ ड्यामको माप दण्डको अध्ययन अवलोकन गर्न समय अपुग भएकोले तोकिएको सम्झौताको अवधि २१ र १५ दिन थप गरीएको हुँदा सिचाईको लागि कृत्रिम रिवर्भ ड्याम थप अवधि सम्मको भुक्तानी सान्दर्भिक रहेको हुँदा उक्त रकम सम्परीक्षणको लागि अनुरोध छ | १४६५९९ |
| ५३ | खर्च शिर्षक फरक गरी भुक्तानी भएको रकम सभा बाट नियमित गर्नु पर्ने | खर्च शिर्षक फरक गरी भुक्तानी भएको सवारी साधन, बृहत खानेपानी आयोजना र शानतीका लागि सेवा संस्थालाई अनुदान सान्दर्भिक भएको हुँदा समपरीक्षणको लागि अनुरोध गर्ने यस सभाले निर्णय गरीयो । | १६८४४६४ |
| ५४ | नन फाइलर मुल्य अभिवृद्ध कर समायोन प्रमाण पेश हुनु पर्ने | अनलाइनमा पान नं ११२८१२२०१ र ६०९५७५९९१ को कर समायोजन देखिने भएको हुँदा समपरीक्षणको लागि अनुरोध छ | २३६९१५० |
| ५८ | मोवाइल सुविधा नियमित गर्नु पर्ने | यस गाउँपालिकामा नेपाल टेलिकमको र एन सेल समेतको ल्याण्ड लाइन विस्तार नभएको हुँदा १ थान मोवाइल सदस्यहरुलाई दिन अनिवार्य महसुस भएको हुँदा सोही बमोजिम संचारको लागि उपलब्ध गराइएको मोवाइलको भुक्तानी नियमितको लागि अनुरोध गर्ने निर्णय गरीयो । | ६४८१९० |
| ६२ | सामुदायिक अस्पताल भवन निर्माणको भुक्तानी सम्बन्धमा | सभा बाट विनियोजित रकम अस्पताल भवन निर्माणको लागि न्यून रहेको कारण कम बजेट बाट बढी जन सहभागिता जुटाइ र | १०७०५४४६ |

| | | | |
|---|---|---|---|
| | | उपभोक्ताहरु स्वास्थ्यको लागि प्रत्यक्ष लाभान्वित हुने भएकोले सामुदायकै रेख देखमा उक्त भवन गुण्स्तरीय भएको र उपभोक्ताले गर्नु पर्ने कामको दायरा उनिहरुकै सहभागिताको वृद्धिको कारण बढी लागत अनुमान भउको हुँदा र भवनको निर्माण संतोषजनक देखिएको र सव भवनबाट सामुदायिक अस्पताल सञ्चालन भई जन जिवनमा स्वास्थ्य उपचारमा सुधार भएकोले कानुनको सिमा भन्दा पनि ग्रमिण क्षेत्रको अकाल मृत्युको दरलाई तत्काल न्यूनिकरण गर्न भवन निर्माणको भुक्तानीलाई व्यवहारीक्ता पक्षलाई समेत मध्ये नजर गरी नियम संगत नै भएको हुनाले उक्त बेरुजु रकम नियमित हुन सम्परीक्षणको लागि अनुरोध छ | |
| ६३ | निर्माण व्यवसायी मार्फत कार्य अनियमित देखिएको | डिप ट्युववेल सम्बन्धि कार्यको सामाग्री सप्लायर्सहरु बाट खरीद गर्नु पर्ने भएको हुँदा उपभोक्ताले सम्पन्न गरेको कार्य सन्तोषजनक भएको हुँदा र सो कार्य बाट कृषकहरु लाभान्वित रहेकोले उक्त रकम सम्परीक्षणको लागि अनुरोध छ | २६७९१४१ |
| ६७ | विद्युतिय चुलोको भर्पाई पेश हुनु पर्ने | विद्युतिय चुलो वितरण गरी भर्पाई प्राप्त भए पश्चात सम्परीक्षणको लागि पेश गर्ने निर्णय गरीयो | ४९८४४२ |

**निर्णय नं. १२**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आर्थिक वर्ष २०८१।८२मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त बजेटबाट तपसिल अनुसारको योजना प्रविधिकले स्थलगत निरीक्षण गरी लागत अनुमान गरे बमोजिम सूचिकृत रहेका बरोजगार ज्यामिहरु बाट प्रति ज्यामि १०० दिन सहभागि रहने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | नाला सरसफाई वडा नं १ देखि ७ सम्म |
| २ | कृषि सडक निर्माण वडा नं १ देखि ७ सम्म |
| ३ | वृक्षारोपन कार्यक्रम वडा नं १ देखि ७ सम्म |

**निर्णय नं. १३**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ मा निम्नानुसारको योजना, कार्यक्रममा बजेट रकम विनियोजित गरी स्वीकृत गरियो ।

**निर्णय नं. १४**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व. २०८१/८२ मा बोलपत्रहरु मुल्यांकनको लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरीयो।

तपसिलः

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | योजना शाखा प्रमुख |
| सदस्य | सम्बन्धित प्राविधिक कर्मचारी |
| सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्य | जिन्सी शाखा प्रमुख |
| सदस्य | आ.ले.प. शाखा प्रमुख |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख |

**निर्णय नं. १५**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा मिति २०८० श्रावण देखि २०८१ जेष्ठ २८ गते सम्म कार्यपालिका, विषयगत समिति, अध्यक्ष तथा कार्यालय प्रमुख स्तरीय भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व. २०८१।८२ मा चालु तथा प्रशासनिक खर्चमा निम्नानुसार रकम विनियोजन गरीयो ।

**निर्णय नं १७**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस कौडेना गाउँपालिकामा सञ्चालन हुने योजना र कार्यक्रमहरुको जिल्ला दररेटबाट स्वीकृत भएका सामग्रीहरुको दररेटलाई मान्य गरी नेपाल सरकारका प्रचलित नम्सहरु जस्तै : डोलिडार नम्स, भवन विभागको नम्स, सिचाँई विभागको नम्स, सडक विभागको नम्स र कुनै बस्तुको दर रेट फेला नपरेमा कुनै पनि जिल्लाको दर रेटलाई आधार मानी तथा सम्बन्धित पसल सँग दर रेट माँग गरी औसत वा सब भन्दा कम दर रेट कायम गरी लगत अनुमान, कार्य सम्पादन मुल्यांकन तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस कौडेना गाउँपालिकाको आ.व. २०८१।८२ मा स्वीकृत योजनाहरुमा विनियोजन रकमको २.५% कन्टेजेन्सी कट्टा गरी हुन आउने रकमलाई ९०% मानि १००% मा नपुग हुन आउने रकम जनसहभागिताबाट जुटाई कार्य सम्पादन गर्ने निर्णय गरियो । कुनै विषेश प्रकृतिको योजना जस्तै सामुदायिक भवन, बाँध, तटबन्ध जस्ता आयोजनामा आयोजना सम्पन्न गर्न बढी भन्दा बढी जनश्रमदान जुटाइ सम्पन्न गरीएको काममा जनसहभागिताको कारण लागत अनुमान र मुल्याँकन वृद्धि हुन गएमा स्थानिय निर्णयलाई आधार मानि भए गरेको कामलाई सदर गर्ने निर्णय गरीयो ।

**निर्णय नं १९**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व.२०८१।८२ मा सशर्त अनुदानबाट निम्नानुसार कार्यक्रम र योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २०**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा शर्षत र विशेष अनुदान तर्फको विनियोजित बजेट स्वीकृती गर्ने निर्णय गरियो ।

संघीय विशेष अनुदान तर्फः

| सि.नं. | योजनाको नाम | कुल जम्मा रकम |
|---|---|---|
| १ | श्री देवद्यारी मा.वि. वडा नं १ : २००००००/-<br>श्री जनता मा.वि. फुलपरासी : २००००००/-<br>श्री रामजानकी प्रा.वि. वडा नं ५: १००००००/- | ५०००००० |

प्रदेश विशेष अनुदान तर्फः

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | फर्निचर फिक्चर | ३०००००० |

प्रदेश सम्पुरक अनुदान तर्फः

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | कार्यालय मर्मत संभार | २०००००० |

**निर्णय नं २१**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा आ.व. २०८१/८२ मा स्वीकृत योजना र कार्यक्रमको बजेट र संसोधित योजनामा कार्यपालिकाको बैठकबाट निर्णय गराइ रकमान्तर गर्ने र भए गरेका खर्चलाई आउदो सभाबाट स्वीकृति गराउने निर्णय गरीयो ।

## निर्णय नं २२

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस गा पा को बाह्रौं गाउँसभा तयारीमा सहयोग गर्ने प्र.प्र.अ. डा. सोनेलाल साह, ले.अ. हरी नारायण साह, सु.प्र.अ. पंकज यादव र सव इन्जि. दिलिप कुमार यादवलाई एक महिनाको तलब प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. २३

आजको यस गाउँसभाको बैठकको कार्य सूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न समितिहरुको बैठक र बोलपत्र मुल्यांकन समितिको बैठकमा आवश्यक पर्ने कर्मचारीहरुलाई सहभागी गराए वापत अध्यक्ष स्तरीय बैठकमा रु.२०००।— र वडा अध्यक्ष स्तरीय बैठकमा रु. १०००।— को दरले बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै उपाध्यक्षको अध्यक्षतामा हुने योजना अनुगमनमा अनुगमन गरे वापत रु १०००।-को दरले भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

## निर्णय नं. २४

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकामा संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट बजेट विनियोजन भई जडान भएका डिप ट्युबवेलहरु जो कोहिले पनि निजि प्रयोग गरेको पाइएमा सो कार्य तदारुक्ताका साथ रोकी सो डिप टयबवेलहरुलाई गाउँपालिकाले आफ्नो मात हातमा राखी सोको संरक्षण गर्ने र उक्त ट्युबवेलहरुलाई सञ्चालनमा ल्याई कृषकहरुलाई सामुहिक रुपमा उपलब्ध गराउने निर्णय गरीयो ।

**गाउँसभा आ.व २०८१।८२** **मितिः२०८१।०३।०५**

**निर्णय नं. २५**

आजको यस गाउँसभाको बैठकको कार्यसूचीमा चढी निर्णयको लागि पेश भएको प्रस्तावमा छलफल गर्दा यस कौडेना गाउँपालिका सर्लाहीको बाह्रौं गरिमामय गाउँ सभामा सहयोग गर्ने पदाधिकारी र कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै गाउँ सभाको समापन गर्दछु ।

प्रमाणिकरण मिति २०८१/०३/०५ रोज ४ मा शुभम् ।